# कृषि विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकवाट 'क' वर्गको ईजाजतपत्रप्राप्त संस्था)
(कम्पनी ऐन, २०५३ अन्तर्गत स्थापित)

४२५२३५९ र ४२५२३६०
(एक्सचेन्ज)
४२६२६९०/४२६२७९७
फ्याक्स:४२६२९२९
email:agrobnk@infoclub.com.np
URL: www.adbn.gov.np
मुख्य कार्यालय
रामशाह पथ, काठमाडौं


## कृषि विकास बैंक लिमिटेडको ४५औं वर्ष प्रवेशको अवसरमा आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत

## प्रेस वक्तब्य

कृषि बिकास बैंक लि.को ४५ औं बर्ष प्रवेशको सुखद अवसरमा आयोजना गरिएको **" प्रेस संगको अन्तरक्रिया"** कार्यक्रममा उपस्थित सम्पूर्ण पत्रकार एवं संचार कर्मी मित्रहरु लाई हार्दिक स्वागत गर्दछु । वित्तीय बजारमा प्रतिस्पर्धात्मक रुपमा प्रस्तुत हुनपुगेको मुलुकको सर्वाधिक महत्व राख्ने कृषि र कृषिव्यवसायको आधार क्षेत्रबाट माथि उठेको यो बैंक आज ४५ औं बर्ष प्रवेशको पूर्व सन्ध्यामा यहाँहरुको गरिमामय उपस्थितिले उत्साहित र सम्मानित भएको महशुस गरिरहेको छ । साथै यस अवसरमा म, कृषि विकास बैंक लि. मार्फत बैंकिङ्ग सेवा प्राप्त गर्न चाहने सम्पूर्ण सेवाग्राही महानुभावहरुलाई समेत हार्दिक शुभकामना दिन चाहन्छु ।

गाउँ देखि शहरसम्म, सवै जनताको घरदैलोमा पुग्ने अठोटका साथ बैंकिङ कार्यक्रम संचालन गरिरहेको यो बैंकले आफ्ना प्रिय ग्राहकहरुलाई सम्वोधन गर्दै **तपाई हाम्रो घर आँगनको बैंक** बन्ने अभियानलाई दृढताका साथ संचालन गरिरहेको छ । वास्तवमा सवै जनताको घर दैलोमा पुग्न आतुर यो बैंक सवै देशवासीहरुलाइ बैंकको कारोवारमा संलग्न गराउन प्रयासरत छ । यसै क्रममा विगतमा यो बैंकले गरेको योगदानको स्मरण गर्नु सान्दर्भिक हुन्छ भन्ने मलाई लागेको छ ।

कृषि विकास बैंक ऐन २०२४ अर्थात विशेष ऐन अन्तर्गत कृषि क्षेत्रको विकासमा टेवा पुऱ्याउने उदेश्यका साथ स्थापित यो बैंकले याहांसम्म आइपुग्दा धेरै उतार चढावहरु पार गरिसकेको छ । शुरुका वर्षमा यो बैंकले कृषि विकासका लागि वित्तीय सेवा र गरिवी निवारणका लागि साना किसान विकास कार्यक्रम मार्फत लोकप्रियता हासिल गरेको थियो । आजका दिनमा यस बैंकको कार्यक्षेत्र अत्यन्तै फराकिलो बनेको छ । शुरुका बर्षमा नेपाल सरकार र एशियाली विकास बैंक लगायत अन्य दातृनिकायहरु नै यस बैकको कार्यक्रम संचालनका लागि प्रमुख श्रोत दाताका रुपमा रहेका थिए । बाह्य श्रोतको आधारमा मात्र कृयाशील रहनुपर्दाको अवस्थामा यसको आन्तरिक अवस्था सवल हुन नसक्ने देखेपछि २०४१ सालमा यो बैंकले कम्प्यूटराईज बैंकिङ् सेवाको शुरुवात गर्न पुगेको थियो । तत्कालिन् बैंकिङ क्षेत्रमा कम्प्यूटराईज बैंकिङ्ग सेवा प्रदान गर्ने यो बैंक नै पहिलो बैंक हो । यद्यपी शुरुका बर्षमा यो बैंकले सिमित बैंकिङ्ग सेवा संचालन गर्ने अनुमति मात्र पाएका कारण आधुनिक बैंकिङ्ग कार्यक्रम संचालन गर्न र बैंकलाई पूर्ण प्रविधि युक्त बनाउने क्रमलाई भन्दा पनि सरकारको प्राथमिकता प्राप्त कार्यक्रम संचालन गर्न प्राथमिकता दिनुपर्ने अवस्था रहेको थियो । यसो नभएर, हामीले बैंकिङ्ग सेवा शुरुगरे देखिनै पूर्ण बैंकिङ्ग कार्यक्रम संचालनको अनुमति प्राप्त भएको भए हामी नै अत्याधुनिक प्रविधियुक्त बैंकहरुमा प्रथम स्थान लिन सक्ने थियौं भन्ने हामीलाई लागेको छ ।

आज कृषि विकास बैंक, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०६३ अन्तर्गत **"क"** वर्गको अनुमति प्राप्त वाणिज्य बैंकको रुपमा संचालनमा रहेको छ । हाल यस बैंकको अधिकृत पूंजी रु १३ अर्व र चुक्ता पूंजी रु ९ अर्व ४७ करोड ४३ लाख रहेको छ । यो बैंक अहिले राष्टकै सबै भन्दा धेरै चुक्ता पूंजी र शेयरधनीहरु (पौष मसान्त सम्ममा २ लाख २८ हजार १७४) भएको बैकको रुपमा संचालन भइरहेको छ ।

यस बैंकले हाल एकैसाथ वाणिज्य वित्त, लघु वित्त तथा विकास वित्त कार्यक्रमहरु संचालन गरिरहेको छ । सबै क्षेत्रका सेवाग्राहीहरु लाई सेवा पुर्‍याउने कममा, स्थापना कालदेखि हाल सम्म **३ खर्व ४० अर्व ८३ करोड कर्जा प्रवाह गरिसकेको छ भने, ३ खर्व ४५ करोड कर्जा असूली भैसकेको र हाल १ लाख ६७ हजार २९९ ग्राहकमा ४० अर्व ३८ करोड कर्जा लगानीमा रहिरहेको छ ।** उपलब्ध पूँजी, प्रविधि र व्यवस्थापकीय कुशलता वाट अधिकतम लाभ हासिल गर्दै यो बैंकले आर्थिक वर्ष २०६७/६८ मा खूद नाफा १ अर्व ५७ करोड ३१ लाख गरेको र चालु आ.व.को मंसिर मसान्त सम्ममा रु. ८६ करोड ८३ लाख मुनाफा (वोनस र कर अघि) आर्जन गर्न सफल भएको छ ।

पूँजी वजारको पछिल्लो अवस्थाको विश्लेषण गरी बैंकको सेवा विस्तारका लागी निक्षेपमा समय सापेक्ष व्याज उपलब्ध गराउने तथा थप निक्षेप योजनाहरु प्रस्तुत् गर्ने कार्यलाई तिव्रता दिईएको छ । यस अनुसार बैंकले आफ्ना विभिन्न खाता मार्फत निक्षेप संकलन गर्दै हालसम्म ६ लाख ७३ हजार ८४ जना निक्षेप कर्ताबाट कुल निक्षेप **३७ अर्व २१ करोड ५८ लाख** जम्मा भएको छ ।

एशियाली विकास बैंकको वित्तीय र प्राविधिक सहयोगमा सन २००६ देखि Rural Finance Sector Development Cluster Program (RFSDCP) अन्तर्गत यस बैंकको पूंजी पूनरसंरचना, संस्थागत पूनरसंरचना र सुदृढिकरणको कार्य संचालन भईरहेको छ । RFSDCP I को सफल कार्यान्वयन् भएकाले एशियाली विकास बैंक र नेपाल सरकार बिच RFSDCP II कार्यान्वयन गर्न सन २०१० को December महिनामा सम्झौता सम्पन्न भई हाल यस कार्यक्रम अन्तरगत ग्रामिण क्षेत्रमा कार्यक्रम संचालन गर्न ऋण, संस्थागत पूनरसंरचना तथा सुदृढिकरणका लागि सूचना प्रविधि, परामर्श दाता सेवा र तालीम संचालन गर्न महत्वपूर्ण सहयोग प्राप्त भइरहेको छ । यसै कार्यक्रम अन्तरगत बैंकमा Core Banking System - T24 कार्यान्वयन भइरहेको छ । चालु आ.व.को पौष मसान्त सम्ममा बैंकका मुख्य कार्यालय, कर्पोरेट बैंकिङ, बैकिङ कार्यालय ठमेल, गौशाला, कपन, वोडे ठिमी र क्षेत्रिय कार्यालय, काठमाण्डौ समेत गरी ७ वटा कार्यालयहरुमा यो प्रविधि जडान गरी On line सेवा उपलब्ध गराइसकिएको छ माघ महिनाको पहिलो साता भित्रै बैकिङ कार्यालय **नयां सडकमा** समेत यो प्रविधि जडान गरिने कार्यक्रम रहेको छ । साथै चालु आ.व.को असार मसान्त सम्ममा उपत्येकाका २६ वटा बैंक कार्यालयहरुमा Core Banking System - T24 कार्यान्वयन गरि On line सेवा उपलब्ध गराई सकिने छ । यसरी यो बैंकले आफ्ना सवै ग्रामीण बस्ती बस्ती सम्म पुगेका कार्यालयहरुमा समेत अत्याधुनिक प्रविधि पुर्‍याउने कार्यलाई तदारुकताका साथ कार्यान्वयन गरिरहेको छ ।

बैंकले आफना सबै कार्यालयहरु लाई पुर्ण बैंकिङ्ग कार्यालयमा रुपान्तरण गर्ने उद्देश्य अनुरुप २४३ वटा कार्यालयहरु मध्ये १५५ वटा कार्यालयहरु लाई बैकिङ्ग कार्यालयमा रुपान्तरण गरिसकेको छ । जसवाट निक्षेप स्वीकार गर्ने, भुक्तानी गर्ने, बैंक ग्यारेन्टी, Leter of Credit(LC) लगायतका सेवाहरु उपलब्ध गराउनुका साथै आन्तरिक विप्रेषणको कारोवार आफ्नै ADBL Remit मार्फत सर्वसाधारण एवं व्यवसायिले यो सेवा प्राप्त गरिहेका छन् । बैदेशिक मुद्रामा समेत Remittance कारोवार संचालन गरी विदेशमा कमाएको रकम सजिलैसंग नेपालीको घर आँगन सम्म पुर्‍याउन यो बैंक नै भरपर्दो माध्यम बनिरहेको छ ।

जनताको अमूल्य सम्पतीको सुरक्षणका लागि कर्पोरेट बैंकिङ्ग कार्यालय रामशाहपथ, रत्नपार्क, न्युरोड, नयांबानेश्वर, बिराटनगर, धरान, तथा पोखरा बैंकिङ्ग कार्यालयहरु बाट लकर सेवा समेत उपलब्ध भैरहेको छ । यसै आर्थिक बर्षमा थप सात वटा कार्यालयहरु बाट लकर सेवा उपलब्ध गराउने कार्यक्रम रहेको छ भने क्रमशः यस सेवा लाई विस्तार गरिदै लगिने छ ।

अन्त्यमा, यस बैंकलाई नेपाल सरकार अर्थ मन्त्रालय, दातृ निकायहरु, नेपाल राष्ट बैंक, अन्य नियमनकारी निकायहरु लगायत पत्रकार मित्रहरु समेत बाट भैरहेको सहयोग र सद्भावना बाट हामी यो उचाईमा पुग्न सफल भएका छौँ । आउँदा दिनहरुमा समेत सवै क्षेत्रको निरन्तर सहयोग बाट यो बैंकले मुलुकको आर्थिक सामाजिक रुपान्तरणको लागि योगदान गर्न निरन्तर सेवा प्रदान गरिनै रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

धन्यवाद ।

तेजवहादुर बुढाथोकी
प्रमुख कार्यकारी अधिकृत

मिति :२०६८/१०/०५